फोन नं. ०१०-५४१०८८

# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं. ७४ (आ.प्र)

मितिः २०७७/०९/२

विषयः हाजिर प्रमाणित गरी पठाउनेको सम्बन्धमा ।

श्री गोसाईकुण्ड गाउँपालिकाका वडा कार्यालयहरु सबै ।
श्री स्वास्थ्य चौकीहरु गोसाईकुण्ड गाउँपालिकाका सबै ।

उपरोक्त सम्बन्धमा यस गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालय, ६ ओटै वडा कार्यालयहरु, वडा कार्यालयहरुमा रहेका सबै स्वास्थ्य चौकीहरुमा कार्यरत सबै कर्मचारीहरुको कार्य सम्पादनलाई थप व्यवस्थित, उत्तरदायी, पारदर्शी, व्यवहारिक र प्रभावकारी बनाउन कर्मचारीहरु सबैले नेपाल सरकारले तोकेको समयमा नियमित रुपमा कार्यालयमा हाजिर भई काम गर्नुपर्ने हुन्छ । नियमित रुपमा कार्यालयमा हाजिर भएको आधारमा मात्र महिना भुक्तान भएपछि सम्बन्धित सबै कर्मचारीहरुको तलब खर्च लेख्नु पर्ने भएकोले आफू कार्यरत निकायको सम्बन्धित आधिकारिक व्यक्तिबाट हाजिर प्रमाणित गरी पेश गर्न वडा कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको सन्दर्भमा सम्बन्धित वडा अध्यक्षबाट र स्वास्थ्य चौकीमा कार्यरत सबै कर्मचारीहरुको सन्दर्भमा सम्बन्धित स्वास्थ्य चौकीको ईञ्चार्ज/प्रमुखबाट हाजिर प्रमाणित गराई गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालयमा सम्बन्धित महिना भुक्तान भएपछिको आउने महिनाको २ गते भित्र पेश गर्नु हुन र २ गते भित्र पेश नगरेमा अर्को महिनाको तलब भुक्तान हुने समयमा मात्र हाजिर प्रमाणित भई आएमा अघिल्लो महिनाको तलब भत्ता भुक्तानी हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७७/९/२
..........................................
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखाः प्रस्तुत पत्र गाउँ कार्यपालिकाको वेभसाईसाइटमा अपलोड गरिदिनु हुन ।